नेपाल सरकार
गृह मन्त्रालय
**कारागार व्यवस्थापन विभाग**
(प्रशासन शाखा)
कालिकास्थान, काठमाडौं

फोन नं. : ०१-४४२४३४१
फ्याक्स : ०१-४४४४५५३
ईमेल : prashasan@dopm.gov.np

पत्र संख्या : ०८२/०८३
च.नं. :

नेपाल सरकार गृह मन्त्रालय कारागार व्यवस्थापन विभाग कालिकास्थान, काठमाडौं २०५०

## प्रेस विज्ञप्ती

मिति २०८२ भदौ २३ र २४ गते भएको आन्दोलनका दौरानमा देशका विभिन्न स्थानमा रहेका कारागारबाट भागी गएका कैदीबन्दीहरूलाई कारागारमा फर्काउन, परिस्थितिलाई सहज बनाउन, क्षतिग्रस्त कारागारहरूको अवस्था सामान्य बनाई सुचारु बनाउन गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, सुरक्षा निकायहरू, अध्यागमन विभाग, प्रमुख जिल्ला अधिकारी, कारागार कार्यालयहरू तथा अन्य सरोकारवाला पदाधिकारी/निकायहरूबाट गरिएको समन्वयात्मक प्रयासबाट कैदीबन्दीहरू कारागारमा फिर्ता आउने/ल्याउने क्रम जारी रहेको छ।

उल्लिखित कार्यका वावजुद अझै पनि उल्लेख्य संख्यामा कैदीबन्दीहरू कारागार बाहिर रहेकोले खोजी, नियन्त्रण र पक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन सम्बन्धित जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि सदस्य रहने गरी **"फरार बन्दी खोजी तथा पक्राउ कार्यदल"** गठन गरी फरार कैदीबन्दीको खोजी, नियन्त्रण तथा पक्राउ अभियान सञ्चालन गर्ने कार्यलाई अझ सघन रूपमा अघि बढाउन नेपाल सरकार, गृह मन्त्रालय (माननीय मन्त्रीस्तर)बाट मिति २०८२।०६।१० गते देहायबमोजिमको कार्यदिश तथा भूमिका सहित अभियान सञ्चालन गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदै कारागारबाट भागी गएका कैदीबन्दीलाई अविलम्ब कारागारमा फर्की आउन पुनः सूचित गरिन्छ।

१. फरार बन्दी खोजी तथा पक्राउ कार्यदललाई दिईएको कायदिश

- जिल्ला स्थित कारागारको भदौ २३ र २४ गते अगाडीको अवस्था अनुसार कायम रहेको अभिलेख अनुसार हाल फर्की आएका र आउने कैदीबन्दीहरूको व्यहोरा रुजु भिडान गरी फर्किन बाँकीहरूको दैनिक अभिलेख व्यवस्थित रूपमा तयार गर्ने।
- फर्किन बाँकी कैदीबन्दीहरूको सम्बन्धमा २०८२ असोज २० गते सोमबारसम्म कारागार फर्की आउन र सो समय भित्र फर्की नआए कारागार ऐन, २०७९ र अन्य प्रचलित कानूनबमोजिमको कारवाही हुने व्यहोरा उल्लेख गरी जिल्ला भित्रका सबै सुरक्षा ईकाइहरू, सबै स्थानीय तहहरू, सञ्चार माध्यम, सम्बन्धित सरकारी कार्यालयहरूसँग सघन समन्वय कायम गरी शीघ्र सूचना प्रकाशन गरी प्रचारप्रसार गर्ने व्यवस्था मिलाई फर्किन बाँकी कैदीबन्दीहरुको नामावलीसमेत उपलब्ध गराउने।
- यस्तो नामावली सम्बन्धित जिल्लाको कार्यदलले अरू जिल्लाको कार्यदललाई समेत उपलब्ध गराउने।
- जिल्ला भित्र विभिन्न स्थानहरू जस्तै स्कुल/क्याम्पसहरू, टोल/क्लब, सार्वजनिक लगायतका सवारी साधन, बसपार्क, मनोरञ्जन स्थलहरू, सीमा नाकाहरू तथा आवश्यक देखिएका अन्य स्थानहरूमा समेत कैदीबन्दीहरूको नामावली पठाई खोजतलास तथा निगरानीलाई सघन बनाउने।
- भागेका कैदीबन्दी सम्बन्धी सूचना वा जानकारी उपलब्ध गराउन आव्हान गरी त्यस्तो सूचना वा जानकारी प्राप्त गर्न सञ्चार माध्यम, सामाजिक सञ्जाल वा अन्य उपयुक्त माध्यमबाट कार्यदल वा सुरक्षा निकायको टेलिफोन/ईमेल सार्वजनिक गर्ने।

फोन नं. : ०१-४४२४३४१
फ्याक्स : ०१-४४४४५५३
ईमेल : prashasan@dopm.gov.np

पत्र संख्या : ०८२/०८३
च.नं. :

- सार्वजनिक सेवा प्रवाह गर्ने निकायलाई समेत फर्किन बाँकी कैदीबन्दीहरूको विवरण उपलब्ध गराई खोजी कार्यलाई प्रभावकारी बनाउने।
- फरार कैदीबन्दीहरूलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिलाई समेत कसुरदार ठानी प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा उल्लेख गरी सार्वजनिक सूचना जारी गर्ने
- उल्लेखित कार्यहरू सम्पन्न गर्न आवश्यकता अनुसार जिल्लाका जनप्रतिनिधि लगायत आवश्यक अन्य निकायसँग बैठक गर्ने, अन्तर समन्वय कायम गर्ने र आवश्यक देखिएका अन्य संयन्त्रहरुको सहयोग लिने।

२. <u>प्रमुख जिल्ला अधिकारीलाई तोकिएको भूमिका</u>

- यस कार्यदलको रेखदेख, समन्वय र परिचालन गर्ने गराउने र नियमित रूपमा गृह मन्त्रालय, सुरक्षा तथा समन्वय महाशाखालाई जानकारी गराउने कर्तव्य सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको हुनेछ।

३. <u>कारागार व्यवस्थापन विभागलाई तोकिएको भूमिका</u>

- यस अघि विभागबाट यस सन्दर्भमा सम्पादन भई रहेका कार्यहरूका अतिरिक्त सम्बन्धित प्रमुख जिल्ला अधिकारी, पक्राउ तथा खोजी कार्यदल तथा अन्य सम्बन्धित निकायहरुसँग समन्वय गर्ने।
- फर्किन बाँकी कैदीबन्दीहरुको अध्यावधिक विवरण जिल्ला तह (कार्यदल)बाट नियमित रूपमा प्राप्त गरी केन्द्रीय तहमा गृह मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, राहदानी विभाग, अध्यागमन विभाग, बैदेशिक रोजगार विभाग, सञ्चार माध्यम र अन्य आवश्यक/सम्बन्धित निकायहरूमा पठाउने।
- फर्किन बाँकी कैदीबन्दीहरूको सन्दर्भमा बढी भन्दा बढी विवरणहरू जिल्ला तह (कार्यदल)बाट प्राप्त गरी विभागको प्रणालीमा अध्यावधिक गर्ने।

मितिः २०८२।०६।१०

चोमेन्द्र न्यौपाने
निर्देशक/प्रवक्ता